
















WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991

# ओरेक नेपाल

# वार्षिक प्रतिवेदन २०७४

# संस्थाको परिचय

महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिला अधिकारप्रति समर्पित एवम् सामाजिक न्यायका निम्ति सङ्घर्षरत एक राष्ट्रिय गैरसरकारी संस्था हो । २०४७ चैत्र १९ मा स्थापित यो संस्थाले महिला अधिकारको क्षेत्रमा २६ वर्षको लामो यात्रा पार गरेको छ । संस्थाले आफ्नो स्थापना कालदेखि नै सामाजिक न्याय र महिला अधिकारको क्षेत्रमा विभिन्न स्तरमा अभियानहरू सञ्चालन गर्दै आएको छ ।

महिलाहरू सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि महिला-हिंसा विरूद्धको अभियान, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अभियान तथा यी दुवै अभियानलाई जोड्ने पुलको रूपमा मानव अधिकार तथा सामाजिक न्यायको अभियान तथा स्नेह अभियानको परिधिभित्र रही आफ्ना गतिविधिहरूलाई केन्द्रित गर्दछ । महिलाहरूको घरदेखि गाउँ हुँदै जिल्ला र राष्ट्रसम्मको अगुवाइ तथा नेतृत्व क्षमता अभिवृद्धिमा सहजीकरण र महिला सशक्तीकरणको माध्यमबाट विभिन्न नीति निर्माण, परिमार्जन तथा कार्यान्वयनका लागि सशक्त रूपमा पैरवी गर्दै आइरहेको छ । संस्थाले समुदायमा सामाजिक, राजनैतिक तथा आर्थिक रूपमा पछाडि पारिएका महिला, किशोरीहरू, सीमान्तकृत, दलित, अपाङ्गता भएका महिलाहरूको अधिकार हनन भएको तथ्याङ्कका आधारमा स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा समेत उचित सम्बोधनको लागि निरन्तर रूपमा दबाब समेत दिंदै आएको छ । शिक्षा, स्वास्थ्य,




पोषण, रोजगार लगायत अन्य क्षेत्रमा महिला र बालबालिकामाथि गरिने भेदभाव र मानव बेचबिखन/ओसारपसार महिलाहरूको आधारभूत मानव अधिकारको हनन भएकाले त्यसको अन्त्य गर्नका लागि महिलाहरूका विशिष्ट अधिकारहरू सुनिश्चित गरिनुपर्दछ भन्ने मान्यता यस संस्थाको रहेको छ ।

## संस्थाको परिकल्पना

सामाजिक न्यायमा आधारित महिलाअधिकार सुनिश्चितता सहितको समाज ओरेक नेपालको परिकल्पना हो ।

## संस्थाको परिलक्ष्य

ओरेक नेपाल मानवअधिकारको सम्वर्द्धन र सामाजिक न्यायमा आधारित दिगो सामुदायिक विकासका लागि अभियानरत रहने छ ।

## संस्थाको लक्ष्य

महिला सशक्तीकरणको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै महिला विरूद्ध हुने हिंसाको न्यूनीकरण गर्ने ।

## संस्थाको कार्यक्षेत्र

महिला पुर्नस्र्थापना केन्द्र ओरेकले आफ्नो एकीकृत अभियानहरू प्रत्यक्ष रूपमा १९ जिल्लामा र महिला हिंसा विरूद्धको अभियान अन्तर्गत आवश्यकता अनुसार ७७ वटै जिल्लामाहरूमा महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र जिल्ला सञ्जालसँगको समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।



# महिला हिंसा विरूद्धको अभियान



**समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा व्यावहारिक परिवर्तन नहुँदासम्म लैङ्गिक समानता कायम हुन सक्दैन । महिलाहरूको शरीरलाई सम्पत्ति, साधन र उपभोग्य वस्तुको रूपमा हेर्ने सामाजिक सोच तथा व्यवहारका कारण महिलाहरूको पहिचान र आत्मसम्मानलाई नीति, कानून तथा व्यवहारले स्वीकार गर्नसकेको छैन । यस्ता सबाललाई संबोधनका खातिर लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजनाहरू निर्माण एवं संशोधन गर्न दबाबमूलक अभियानलाई निरन्तरता दिइएको छ । यस वर्ष संस्थाले राजनीतिमा महिला सहभागिताका लागि समुदाय स्तरदेखि राष्ट्रिय स्तरसम्म कार्यक्रमहरू सञ्चालन गरेको छ । देशमा भएका राजनीति परिवर्तनका विविध आयामहरूमा आबद्ध भएका करिब ३०० भन्दा बढी माहिला मानव अधिकार रक्षकहरू तीनै तहमा जनप्रतिनिधिको रूपमा निर्वाचित भई क्रियाशील छन् । समुदायमा क्रियाशील महिला सामुदायिक संस्थाहरूसँगको सहकार्यमा महिलाहरूलाई अभिमुखीकरण, तालिम, अन्तरक्रिया लगायतका कार्यक्रमहरू सम्पन्न भएका छन् । निर्वाचित जनप्रतिनिधिहरूसँग विषयगत सबालहरूमा अन्तक्रिया तथा सहकार्यमा कार्यक्रमहरू सञ्चालिन भएको छन् ।**

## राष्ट्रिय महिला मञ्चको आयोजना

यस वर्ष सबै प्रदेशहरूमा महिला मानव अधिकार रक्षकरूको राष्ट्रिय सञ्जालसँगको सहकार्य र समन्वयमा “संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार महिलाको आफ्नो शरीर, श्रम र पहिचानमा



आफ्नो अधिकार" भन्ने मुख्य नाराका साथ प्रदेश स्तरीय महिला मञ्च कार्यक्रम सम्पन्न भएको छ । महिला मञ्चले आगामी चार वर्षका लागि "सामाजिक न्यायमा आधारित दिगो सामाजिक-आर्थिक रूपान्तरणका लागि रूपान्तरित नेतृत्व" भन्ने मान्यता तय गरेको छ । महिला मञ्चका अभियानले उपमेयर तथा अन्य महिला जनप्रतिनिधिहरूबीच महिलाका समसामयिक सबालहरूमा विस्तृत छलफल गरी प्रदेश तथा राष्ट्रिय स्तरमा घोषणापत्र लगायत आचार संहिता निर्माण गर्न सहजीकरण गरेको छ । हरेक प्रदेशमा आयोजना गरिएको तीन दिनको कार्यक्रममा पहिलो दिन ज्ञान निर्माणको, दोस्रो दिन अबको बाटो र तेस्रो दिनमा घोषणा तथा प्रतिबद्धता उत्सवका आयोजना गरी मनाइएको थियो । राष्ट्रिय स्तरमा रूपान्तरणलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गर्दै, रूपान्तरणका बाधक तत्त्वहरूको सामूहिक रूपमा पहिचान गरी उक्त तत्त्वहरू अन्त्य गर्ने उपायहरूको खोजी गरेर नै देश रूपान्तरण हुन सक्ने वातावरण निर्माणमा सहयोग गर्ने उद्देश्यका साथ मिति २०७५ साउन ३ देखि ५ सम्म काठमाडौंमा राष्ट्रिय महिला मञ्चको आयोजना गरिएको थियो ।

### महिला हिंसाविरूद्ध १६ दिने अभियान

२६ औ महिला हिंसा विरूद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान "लैङ्गिक हिंसा अन्त्यका लागि सबै जुटौं, कोही नछुटौं" भन्ने नारा सहित मनाइरहँदा ओरेकले "लोकतान्त्रिक गणतान्त्रात्मक नेपालको मूल आधार महिला हिंसामुक्त बाँच्न पाउने अधिकार" भन्ने आफ्नो नारा लिएर देशैभर विविध कार्यक्रमको आयोजना गरी मनाइयो ।




१६ दिने महिला हिंसा विरूद्धको दिवसको अवसर पारेर वर्षभरि संस्थामा अभिलेखीकरण भएका महिलामाथि हुने हिंसाको घटनाहरूको विश्लेषणात्मक अध्ययन तयार पारिएको वर्ष पुस्तक अन्वेषी नोभेम्बर २५ का दिन सार्वजनिक गरेको थियो ।

आत्महत्या घटना न्यूनीकरण र मानसिक स्वास्थ्य सम्बन्धी जनचेतनामूलक अन्तरक्रिया, महिला मानवअधिकार रक्षकहरूको दिवसको अवसरमा महिला मानवअधिकार रक्षकहरूले सामना गर्नुपर्ने चुनौतीहरूका विषयमा छलफल गर्दै महिला मानव अधिकार रक्षकहरूद्वारा तयार पारीको सुरक्षा नीतिमा भएका प्रावधानहरू र राज्यले महिला मानव अधिकार रक्षकहरूका लागि खेल्नुपर्ने भूमिकाका अन्तरक्रिया, अपाङ्गता भएका व्यक्तिहरूको रोजगारका विषयमा छलफल आयोजना भएको थियो ।

### लैङ्गिक विभेदमा आधारित हिंसा, हानिकारक परम्परागत अभ्यास, बालविवाह र कानूनी प्रावधान सम्बन्धी अभिमुखीकरण, समूह छलफल, स्कूल शिक्षा, वडा भेला र सूचना तथा सञ्चार क्रियाकलाप

लैङ्गिक विभेदमा आधारित हिंसा, घरेलु हिंसा, बलात्कार, यौन दुर्व्यवहार, बालविवाह, बहुविवाह, बोक्सीको आरोप, छाउपडी, दाइजो र महिला

हिंसा सम्बन्धी बनेका सम्पूर्ण कानूनी प्रावधानहरूका विषयमा जानकारी दिई महिला अधिकारप्रति सचेत गराउने उद्देश्यले दाङ्ग, मोरङ्ग, धनुषा, रूकुम, सिन्धुली, उदयपुर, कैलाली, वर्दिया लगायतका जिल्लाहरूमा गरी जम्मा ८५१ वटा क्रियाकलापहरू सम्पन्न भएका छन् । महिला हिंसाका विरूद्धमा पुरूष, युवा, जनप्रतिनिधि, धार्मिक गुरु अभिभावक, विद्यार्थी र समुदायका अगुवाहरूको कार्यक्रमहरूमा सहभागिता रहेको थियो । महिला, बालबालिका, किशोरीहरूलाई हिंसाबाट मुक्तिका लागि संगठित हुन, आपसी सहयोगको वातावरण सृजना गर्न र कानूनी कार्बाहीका लागि अभिप्रेरित गर्ने सचेतना प्रवाह गरियो । महिला हिंसा विरूद्धको अभियान अन्तर्गत समुदायमा क्रियाशील महिला सामुदायिक संस्थाहरूसँगको सहकार्यमा अभिमुखीकरण, तालिम, अन्तरक्रिया लगायतका कार्यक्रमहरू सम्पन्न भएका छन् भने निर्वाचित जनप्रतिनिधिहरूसँग विषयगत सबालहरूमा छलफल, तालिम, गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन् ।






## लैङ्गिक हिंसा विरूद्ध रणनैतिक योजना निर्माणका लागि कार्यशाला

स्थानीय तहमा लैङ्गिक नीति तथा कार्यक्रम निर्माणका लागि सिन्धुली, उदयपुर, सुनसरी कैलाली जिल्लामा स्थानीय सरकारहरूसँगको सहकार्यमा जनप्रतिनिधिहरू र महिला मानव अधिकार रक्षकहरूसँग कार्यशाला गोष्ठीको आयोजना गरिएयो ।

स्थानीय तहमा लैङ्गिक समानताको सुनिश्चितता र लैङ्गिकमैत्री वातावरणको निर्माणका लागि ओरेक नेपाल कार्यरत पालिकाहरूमा लैङ्गिक समानता नीति तयारीका लागि पैरवी गर्ने र पालिकाहरूसँग समन्वय र सहकार्यमा नीति तयारीका लागि कार्य गर्दै आएको छ । यसै गरी बालविवाह अन्त्यका लागि नीति तथा कार्यक्रम निर्माणका लागि कार्यशालाहरु समेत आयोजना भएको थियो ।

साथै विभिन्न जिल्लाहरूमा निम्नानुसारका अन्तरक्रिया तथा

कार्यक्रमहरु सम्पन्न भएका थिए ।

- महिलामाथि हुने हिंसाका घटनामा अनुसन्धान, अभिलेखन र सहजीकरण गर्ने सरकारी संयन्त्रको क्षमता अभिवृद्धि, तथा महिलामाथि हुने हिंसाका मुद्दाहरूमा सहजीकरण, पैरवी, दबाब तथा पक्षपोषण गर्ने नागरिक समाजको क्षमता अभिवृद्धिका लागि अनुशिक्षण, तालिम, अन्तरक्रियात्मक कार्यक्रमहरु
- महिलाको न्यायमा पहुँच तथा हिंसा प्रभावितको पक्षमा भएका फैसलाको कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका तथा नवनिर्वाचित जनप्रतिनिधिहरूसँग महिला हिंसाको अवस्था र चुनौतीका विषयमा अन्तरक्रिया
- बढ्दो बलात्कार तथा यौन हिंसाका घटनाहरूको अनुसन्धान प्रक्रिया र घटनाहरू न्यूनीकरण गर्नको लागि सरोकारवालाको भूमिका
- महिला हिंसा न्यूनीकरणका लागि सबाल पहिचान तथा कानूनी व्यवस्था
- सुरक्षित आवासको आवश्यकता तथा सरोकारवालाहरूको भूमिका तथा दायित्व



## हिंसा प्रभावितको लागि सेवा, पुनर्स्थापना र पुनर्एकीकरण

संस्थाले यस वर्ष जम्मा ४११ जनालाई सुरक्षावास सेवा, ३४५ जनालाई मनोविमर्श, १५६ जनालाई स्वास्थ्य उपचार, १८३ जनालाई कानूनी सहयोग गरिएको छ ।

सुरक्षावास सेवा केन्द्रमा आएका ४११ हिंसा प्रभावितहरू मध्ये ३३८ जनालाई पारिवारिक पुर्नएकिकरण तथा ३१ जनालाई अन्य संघसंस्थामा रेफर गरिएको छ । यस प्रतिवेदन तयार गर्दाका समयसम्ममा ४२ जनाले निरन्तर सेवा लिइरहेका छन् । यस वर्ष पढ्नको लागि ३ जनालाई (व्छ ञ्तीड) सहयोग गरिएको छ भने १० जनालाई दिगो जीविकोपार्जनको लागि सिलाइ-कटाइ तालिम प्रदान गरिएको छ । पारिवारिक पुनर्एकीकरणमा गएका ३३८ जनाहरूमध्ये २२३ जनाको अवस्थाबारेमा फलोअप गर्न सकियो ।

## कानूनी सहयोग

ओरेकले महिला अधिकारको सुनिश्चितता तथा महिलाको न्यायमा पहुँचका लागि विभिन्न जिल्लामा आवश्यकता अनुसार कानूनी सहयोग गर्दै आइरहेको छ । यसले हिंसामा परेका महिलाहरूलाई आफ्नो अधिकार प्राप्तिको लागि कानूनी सहयोग गरी महिलाहरूको न्यायमा पहुँचलाई अभिवृद्धि गरेको छ । यस अवधिमा जम्मा २९७ वटा मुद्दाहरू ओरेकका केन्द्र तथा जिल्ला शाखामा विभिन्न तहका न्यायिक निकायमा दर्ता गरिएको छ ।

# मानव अधिकार र मानवीय कानून प्रवर्धन तथा स्नेह अभियान

ओरेकले अन्तरराष्ट्रिय मानवीय कानून अन्तर्गत सशस्त्र द्वन्द्वका बेलामा भएका मानवता विरुद्धका अपराधहरूबाट पीडितहरूको न्यायका पक्षमा अविच्छिन्न वकालत गर्दैआएको छ । २०७२ सालको महाभूकम्पपछि भूकम्प प्रभावित स्थानहरूमा स्नेह-केन्द्रहरू सञ्चालन गरी महिला, किशोरी, बालिका, सुत्केरी, गर्भवती, अपाङ्ग र वृद्धाहरूका लागि अति आवश्यक सामग्री सहयोग तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ ।

त्यसैगरी २०७४ श्रावण महिनामा अविरल वर्षासँगै आएको विनाशकारी बाढीपश्चात् प्रभावित क्षेत्रहरूमा विशेषगरी महिला, किशोरी र गर्भवती, सुत्केरी तथा वृद्धवृद्धाहरूका लागि थुप्रै खालका सहयोग तथा सचेतनामूलक, मनोसामाजिक सहयोग, स्नेह-केन्द्रहरू मार्फत विभिन्न परामर्श तथा मनोविमर्शका कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

### सशस्त्र द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय भेला

सशस्त्र द्वन्द्वबाट प्रभावितहरूले न्यायको अनुभूति गर्न सक्ने तथा हिंसा प्रभावितहरूको न्यायमा पहुँच पुग्ने वातावरण निर्माण नभएका कारण द्वन्द्वबाट प्रभावितहरू आफूले भोगेको घटनाहरूको पीडा लिएर बाँच्न बाध्य छन् । द्वन्द्वको समयमा भएका बलात्कार तथा सामूहिक बलात्कारबाट जन्मिएका बालबालिकाहरू जन्मदर्ता, नागरिकता प्राप्त गर्ने अधिकारबाट वञ्चित हुनुपरेका वास्तविकता हामी समक्ष रहेको छ । यही अवस्थालाई मध्यनजर गर्दै ओरेक नेपाल, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, नागरिक आवाज र द स्टोरी किचनले संयुक्त रूपमा ११ जिल्लाका ८० भन्दा बढी द्वन्द्व प्रभावित महिलाहरूको उपस्थितिमा उनीहरूको वर्तमान अवस्थाको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने र प्रभावितको न्यायमा पहुँच वृद्धि गर्न सरोकारवालाहरूलाई सुझाव पेश गर्ने उद्देश्यले कार्तिक २० गते काठमाडौंमा "द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय भेला" आयोजना गरिएको थियो । भेलामा सहभागीहरूले आफू द्वन्द्वकालमा चरम यातनाका साथै यौन हिंसाबाट शिकार हुनुपरेको र हाल पनि आफूले पाएको पीडालाई मलम लगाउने कार्य कहींकतैबाट नभएको,



बरु उल्टै पीडाहरू चर्काउने काम भएको तीतो अनुभव सुनाएका थिए । आफ्नो सबालमा पैरवी गर्न द्वन्द्व प्रभावितहरूको राष्ट्रिय सञ्जाल "सहज" गठन गरे र सशस्त्र द्वन्द्वकालमा आफूमाथि भएका पीडाहरूको सम्बोधनका माग सहित १५ बुँदे घोषणा पत्र तयार गरी कार्यक्रममा प्रस्तुत गरेका थिए ।

## मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (यु.पी.आर.) प्रदेश स्तरीय कार्यशाला

यु.पी.आर.महिला सञ्जाल सचिवालय सदस्य समेत रहेको ओरेकले गै.स.स.को सचिवालयसँगको समन्वयमा मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (यु.पी.आर.) को मध्यावधि समीक्षाका लागि प्रदेश स्तरीय कार्यशाला मोरङ्को विराटनगर, कैलालीको धनगढी र जनकपुरधाम धनुषामा सम्पन्न गरेको थियो । समीक्षा कार्यक्रमका सहभागीले नेपाल सरकारले ९ ठूला महासन्धिमध्ये ७ वटा महासन्धिहरूलाई अनुमोदन समेत गरिसकेकोले नेपालको संविधान अन्य देशको तुलनामा मानव अधिकारको संरक्षणका लागि कानूनी रूपमा प्रगतिशील रहेको तर कार्यान्वयन पक्ष कमजोर भएकोले सबै नागरिकले समान रूपमा मानव अधिकार उपभोग गर्न सक्ने वातावरण अझै बन्न नसकेकोप्रति ध्यानाकर्षण गराएका थिए ।



## सशस्त्र द्वन्द्वका समयमा वलात्कार लगायतका यौन दुर्व्यवहार प्रभावितको न्यायका लागि अन्तरक्रिया

अन्तरक्रिया कार्यक्रममा महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति व्यवस्थापिका संसदका सभापति रन्जु झा, व्यवस्थापिका संसद सदस्य पेम्बा लामा, राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता मोहना अन्सारी, काठमाडौं महानगरपालिकाका उपमेयर हरिप्रभा खड्गी, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिव राधिका अर्याल र राष्ट्रिय महिला आयोगका सचिव तुल्सीराम सेंढाईको उपस्थितिका साथै हिंसा प्रभावित महिला, मानव अधिकारका सबालमा कार्यरत महिला मानवअधिकार रक्षकहरू, मानव अधिकारकर्मी, विभिन्न सरकारी कार्यालयहरू, राष्ट्रिय अन्तरराष्ट्रिय संघसंस्थाका प्रतिनिधि, पत्रकारहरू गरी १२७ जनाको सहभागिता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै उहाँहरूले

महिलाहरूको पहिचानको अधिकार स्थापित हुन नसक्दा धेरै महिलाहरूमाथि हिंसा भइरहेको र हाम्रो सामाजिक सोच र न्याय प्रदानकर्ताले तथ्यगत तथा वैज्ञानिक प्रमाणहरू जुटाउन नसक्दा महिलाले न्याय प्राप्त गर्ने वातावरण निर्माण नभएकोमा जोड दिएका थिए र आ-आफ्नो तहबाट हिंसा प्रभावितहरूको न्यायका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका थिए । यसैगरी हिंसा प्रभावितद्वारा प्रस्तुत माग पत्र र घोषणा पत्रलाई राष्ट्रिय कार्यालय गोष्ठीपश्चात् वर्तमान प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष के.पी. शर्मा ओली र नेपाली कांग्रेसको पार्टी कार्यालयका मुख्य सचिवमार्फत अध्यक्षलाई प्रभावित स्वयम्ले पार्टी कार्यालयमा बुझाएका थिए ।

## राष्ट्रिय कार्याशाला: मेरो लागि न्याय कहाँ छ ?

सशस्त्र हिंसा प्रभावित महिलाहरूको मुद्दा स्थापित हुने र आत्मसम्मानका साथ स्वतन्त्र रूपमा जीवनयापन गर्न सक्ने वातावरणको निर्माण हुन नसक्दा प्रभावितले न्यायको अनुभूति गर्न सकेका छैनन् ।

यही अवस्थाको मनन गरी ओरेक र महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालले अन्तरराष्ट्रिय शान्ति दिवसको अवसरमा 'न्याय प्राप्तिको अधिकार : लोकतान्त्रिक व्यवस्थाको मूल आधार' भन्ने नारासहित मेरो लागि न्याय कहाँ छ ? भन्ने विषयमा २०७४ असोज ८ गते राष्ट्रिय कार्याशाला गोष्ठी कार्यक्रम आयोजना गरिएको थियो । राष्ट्रिय गोष्ठी कार्यक्रममा दाङ्, मोरङ्, सुनसरी, सिरहा, उदयपुर, धनुषा, कैलाली लगायतका २५ भन्दा बढी जिल्लाबाट हिंसा प्रभावितले आफूमाथि भएको पीडा र विभिन्न न्यायिक निकायमा पुगेर न्यायका लागि लड्दा पनि न्याय नपाएको यथार्थ कुराहरू राखेका थिए । धेरै हिंसा प्रभावितहरूले अदालतमा आफ्नो मुद्दाको फैसला भएको तर आफूले उक्त फैसला बमोजिम हालसम्म पनि क्षतिपूर्ति प्राप्त गर्न कठिन भइरहेको, भोगचलन गर्न नपाएका जस्ता समस्याहरू राखेका थिए । महिलाहरूले बोक्सीको आरोपमा विभिन्न किसिमका मानसिक तथा शारीरिक हिंसा खप्दै आएको, दाइजोका कारण भोग्नुपरको पीडाहरू सम्बन्धित सरोकारवालासमक्ष राखेका थिए ।



# आर्थिक, सामाजिक र सास्कृतिक अधिकार अभियान

आर्थिक, सामाजिक र सांस्कृतिक अभियान अन्तर्गत सञ्चालित दिगो जीविकोपार्जन कार्यक्रम मार्फत समुदायको सीमान्तीकरण, गरीबीको जटिलता र सिद्धान्तहरू अनुरूपको दिगो जीवन शैलीको ढाँचामा आधारित कार्यक्रम हो जसले गरीबीलाई सम्बोधन, खाद्य अधिकारको सुनिश्चतता, स्रोत र साधनमाथि समान पहुँच र नियन्त्रण गरी आत्म सम्मानका साथ जीवनयापनलाई मार्गदर्शन गर्छ । दिगो जीविकोपार्जन कार्यक्रम अन्तर्गत समुदाय स्तरमा पर्यावरणमैत्री नमुना गाउँ, सघन जैविक खेती प्रणाली, उद्यमशीलता विकास, कृषिको व्यावसायिकताका लागि स्थानीय तह तथा सरोकारवालाहरूसँगको समन्वय र सहकार्य जस्ता विभिन्न महत्त्वपूर्ण गतिविधिहरू विभिन्न जिल्लाहरूमा रूकुम, सल्यान, दाङ्ग, उदयपुर, सिराहा, सिन्धुपाल्चोक र काभ्रेमा प्रत्यक्ष रूपमा र सिन्धुली, बर्दिया, मोरङ्ग, धनुषा, सिन्धुली, कैलाली जिल्लाहरूमा एकीकृत रूपमा सञ्चालन भइरहेको छ । साथै खाद्य अधिकारका लागि राष्ट्रिय स्तरमा पैरवीका कार्यक्रमहरू पनि सञ्चालन भएका छन् । सञ्चालित विभिन्न कार्यक्रमहरूले समेटिएको लैङ्गिकताको आधारमा तथ्याङ्कलाई विश्लेषण गर्दा यस वर्ष करिब ६१,४९४ जना महिलाहरूलाई, ३६,६२३ पुरूषहरू र ८ जना यौन अल्पसंख्यकहरू समेटिएको देखिन्छ ।



### दिगो जीविकोपार्जन कार्यक्रम

विद्यमान विभेदपूर्ण संरचनाले निम्त्याएको भोकमरी, गरीबी, विभेद, हिंसा, स्थानीय स्रोतहरूको अव्यवस्थित प्रयोग, कृषि बालीको रैथाने जातिको बीउ मासिँदै जानु जस्ता समस्याहरू र चुनौतीहरूलाई विशेष प्राथमिकतामा राखेर दिगो जीविकोपार्जनको अर्को महत्त्वपूर्ण अवधारणाको रूपमा सघन जैविक खेती प्रणालीको अवधारणालाई सञ्चालनमा ल्याइएको छ । एकै खालको खाद्यान्न उत्पादनले साना तथा सीमान्त किसानहरूमा जोखिम पक्ष बढी हुने हुँदा सघन बाली प्रणालीलाई ओरेक नेपालले प्राथमिकता दिएको हो । हानिकारक रासायनिक पद्धतिबाट विषाणुयुक्त खाद्य उत्पादन र विषादिहरूको




प्रयोग गरी वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न स्थानीय स्रोत साधन, प्रविधि र ज्ञानलाई जोड दिँदै पौष्टिक र स्वस्थ्यकर खाद्य उत्पादन, प्रशोधन र प्रयोगमा विशेष प्राथमिकता दिने काम भरहेको छ । त्यस्तै गरी महिलाहरूको ज्ञान, सिप र क्षमता अभिवृद्धि गरी उद्यमशीलतामा संलग्न गराउनु र आर्थिक उन्नतिबाट जीवनस्तरमा सुधार ल्याउन महिला उद्यमशीलता विकास कार्यत्रम सञ्चालनमा रहेको छ ।

## महिला स्वास्थ्य अधिकार कार्यत्रम

महिला स्वास्थ्य कार्यक्रम मार्फत महिला स्वास्थ्य अधिकारलाई स्थापित गर्न, समुदाय र राष्ट्रिय स्तरमा प्रभावकारी ढङ्गले अधिकार मुखी महिला स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्न पैरवी गर्ने काम गर्दै आइरहेको छ । हाल महिला स्वास्थ्य अधिकार कार्यक्रम विशेषगरी सिराहा, उदयपुर, सल्यान, रुकुम र दाङ्ग जिल्लामा प्रत्यक्ष रूपमा सञ्चालन हुंदै आइरहेको छ भने अन्य जिल्लामा यससम्बन्धी सूचना तथा सचेतनाका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

यस वर्ष उदयपुर, दाङ्ग, रूकुम, सल्यान, सिन्धुली र सिरहा जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकामा १२ वटा महिला स्वास्थ्य मेला सम्पन्न गरेको छ । महिला स्वास्थ्य मेला (शिविर)मा तल्लो पेट दुख्ने, सेतो पानी बग्ने र आङ खसेकाहरूका लागि निशुल्क रूपमा दिइने सेवाका बारेमा जानकारी साथै हाम्रो सामाजिक संरचना, महिलालाई गर्ने व्यवहार, महिलाले गर्नुपर्ने काम, महिलाहरूको रहनसहन र पारिवारिक पृष्ठभूमिमा महिलाको भूमिकाको विषयमा महिलाहरूलाई विभिन्न ठाउँमा अभिमुखीकरण सञ्चालन गरिएको



थियो । सोही अवसरमा महिला परामर्श सेवा, मनोविमर्श सेवा साथै जडिबुटी संम्बन्धी जानकारी समेत दिइएको थियो । यस्ता स्वास्थ्य मेलाबाट २,६२२ जना व्यक्तिहरूले स्वास्थ्य उपचार तथा परामर्शका साथै सूचना पाएका थिए ।



ग्रामीण भेगका महिलाहरूलाई स्वास्थ्य सेवा तथा जानकारीको पहुँचमा कठिन भएको अवस्थामा ओरेकले महिला परामर्श केन्द्र सञ्चालन गर्दै आएको छ । महिलाहरूको स्वास्थ्य समस्यालाई पहिचान गरी स्थानीय जडिबुटीको पहिचान र प्रयोगमा सहजीकरण गर्ने, प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखीकरण तथा स्वास्थ्य सम्बन्धी जानकारी अभिमुखीकरण, कार्यक्रमहरु तथा महिला स्वास्थ्य परामर्श केन्द्रबाट प्रदान गरिएको छ ।

## महिला गतिशीलताको अधिकार तथा सुरक्षित स्थानागमन कार्यक्रम

सुरक्षित प्रक्रियाबाट महिलाहरूको वैदेशिक रोजगारीलाई सम्मानित र मर्यादित बनाई उनीहरूको त्यसप्रतिको आकर्षण बढाउन तथा महिलाको गतिशीलताको अधिकारलाई सुनिश्चित गर्नु संस्थाको उद्देश्य रहेको छ । संस्थाले सुरक्षित स्थानागमन कार्यक्रम अन्तर्गत विशेष गरी सूचना प्रवाह, क्षमता अभिवृद्धि तथा समूह गठन, तथ्यमा आधारित वकालत तथा पैरवी, समस्यामा परेका आप्रवासी कामदार हरूको न्यायमा पहुँच र वैकल्पिक जीविकोपार्जनमा सहयोग गर्दै आइरहेको छ । यस अन्तर्गत सूचना केन्द्रबाट कामका लागि विदेश जानुपूर्वको सूचना प्रवाह, वैदेशिक रोजगारीमा जानेहरूको लागि उपयुक्त वातावरण निर्माणमा सहजीकरण, महिलाको गतिशीलता



र काम गर्न पाउने अधिकार सुनिश्चितता सम्बन्धी सचेतनामूलक कार्यक्रम, वैदेशिक रोजगारीमा जानेहरूका लागि सूचना प्रवाह अनुशिक्षण, पहिचान भएका सम्भावित र वैदेशिक रोजगारबाट फर्केका महिलाहरूसँग भेटघाट तथा घरदैलो तथा वालश्रम विरूद्धको कार्यक्रम सञ्चालन भएको थियो ।

### पर्यावरणमैत्री गाउँ प्रवर्धन कार्यक्रम

हाल कार्यक्रम सञ्चालन भइरहेको उदयपुर, दाङ्ग, सल्यान तथा सिरहा जिल्लाहरूमा १५ वटा पर्यावरणीय नमुना गाउँ (इको- भिलेज) सञ्चालनमा आएको छ जसमध्ये एउटा उदयपुरको बैरेनी गाउँ पर्यावरणमैत्री नमुना गाउँको रूपमा घोषणा भइसकेको र आगामी वर्ष सल्यानको ५ वटा ईको-भिलेज घोषणा हुने तयारीमा छ । ईको-भिलेज अन्तर्गत बाह्र वटा सूचकहरू तयार गरिएका छन् जसमध्ये बालविकास केन्द्र, महिला स्वास्थ्य परामर्श केन्द्र, बालक्लब, किशोरकिशारी समूह, महिला समूह/सहकारी, कृषक समूह जस्ता सामाजिक संरचनाहरू गठन र पुनर्गठन भइरहेका छन् । ईको-भिलेजभित्र सरकारले अपनाएको “एक गाउँ एक उत्पादन” कार्यक्रमलाई प्राथमिकतामा राखेर सल्यान जिल्लामा काम भइराखेको छ र किसानहरूले पनि





यस कार्यक्रमलाई आत्मसात गरेको अवस्था छ ।

## महिला उद्यमशीलता विकास कार्यक्रम

महिलाहरूलाई आत्मनिर्भर गराई व्यावसायिक रूपमा अगाडि बढाउने उद्देश्यले ओरेकका कार्यक्षेत्र जिल्लामा सीप विकास तालिम, बाटेको धुप सम्बन्धी तालिम, मखमली जुत्ता बनाउने तालिम, फेन्सी जुत्ता बनाउने तालिम, सिलाइ-कटाइ सम्बन्धी तालिम, व्यावसायिक रूपमा पशुपंक्षी पालन सम्बन्धी तालिम, हिंसा प्रभावित महिलाको आर्थिक सशक्तीकरणको लागि प्लम्बिङ्ग र केश श्रृंगार तालिम, व्यावसायिक योजना तालिम सञ्चालन गरिएको छ भने कृषि जेटिए र समुदाय स्तरीय पशुसेवा कार्यकर्ता तयार तथा जीविकोपार्जनका लागि सहयोग कार्यक्रम सञ्चालन भएका छन् ।

## भूकम्प प्रभावित गाउँ पुनर्निर्माण

सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका वडा नं ११ अवस्थित माझी बस्तीमा पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको छ । भूकम्पबाट अति प्रभावित करिब १५० महिला र १८९ बालबालिकासहित ४०० भन्दा बढी समुदायका सदस्यहरूलाई सुरक्षित वासस्थानका साथै दिगो जीविकोपार्जनमा सहयोग पुऱ्याइएको छ । हाल ५६ वटा घर पुनर्निर्माण अन्तर्गत ५२ वटा घर निर्माण भइसकेका र बाँकी घरहरू केही महिनाभित्र पूरा गर्ने योजना छ । पुनर्स्थापना कार्यक्रम अन्तर्गत विभिन्न विषयहरूमा सचेतनामूलक अभिमुखीकरण, सिपमूलक तालिम, तरकारी तथा फलफूलको बीउ सहयोग, निर्माण



सामग्री सहयोग जस्ता गतिविधिहरू सञ्चालन भइरहेका छन् । अहिले माझी बस्तीको विशेष गरेर प्रभावित महिलाहरूको मुहार फेरिएको छ भने जीविकोपार्जनमा क्रमिक सुधार आएको छ ।

## गरिबी विरूद्धको महिला इजलास

महिला इजलासले गरीबीका कारणले महिलामाथि हुने हिंसाका सबालहरूको उठान गरी संरचनात्मक परिवर्तन गर्ने उद्देश्यले सम्बन्धित सरोकारवालाहरूलाई सूचित गरी प्रभावितहरूको अधिकार सुनिश्चितताका लागि आधार तयार गरेको थियो । स्थानीयदेखि राष्ट्रिय तहका योजनाहरू निर्माण प्रक्रियामा गरीबीका कारण महिलामाथि हुने हिंसाका सबालहरू सम्बोधनका लागि सम्बन्धित निकायहरूलाई सुझाव पेश गर्न सफल भयो ।

इजलासमा १० भन्दा बढी महिला सहभागीहरूले गरीबीको दुष्चक्रका कारण आफूमाथि भएका विभिन्न किसिमका हिंसा तथा शोषणका घटनाहरू राखेका थिए । महिलाहरूले विशेषगरी जन्म दर्ता, नागरिकता जस्ता कानूनी पहिचानहरू नपाएकै कारण शिक्षा तथा काम गर्न पाउने अधिकारबाट वञ्चित हुनुपरेको यथार्थता, श्रमको सम्मान तथा पहिचान नहुँदा समाजमा विभिन्न लाञ्छना तथा विभेदहरू खेप्नु परेको अवस्था, आवासको अधिकारबाट वञ्चित हुनु परेको अवस्था र महिलाको यौनिकतामाथि नियन्त्रण गर्न विभिन्न चारित्रिक आरोपहरू लगाई उनीहरूमाथि थप शोषण भएको घटनाहरू, अपाङ्गताको फाइदा उठाई यौन शोषण भएका घटनाहरू प्रस्तुत गरेका थिए ।



# अभिलेखीकरण तथा तथ्याङ्क व्यवस्थापन

महिलामाथि भएका हिंसाका घटनाहरूलाई अभिलेखन गरी सरोकारवालाहरूलाई संवेदनशील र जवाफदेही बनाउन, नीति निर्माण, परिमार्जन तथा प्रभावकारी कार्यान्वयनका लागि ओरेकले आफ्नो स्थापना कालदेखि नै अभिलेखनलाई प्राथमिकता दिई निरन्तर रूपमा काम गर्दै आएको छ । यस वर्ष साउन २०७४ देखि असार २०७५ सम्म कार्यालयमा दर्ता भएका १७४१ तथा विभिन्न राष्ट्रिय पत्रपत्रिकाबाट सङ्कलन गरिएका ४१३ गरी जम्मा २१५४ महिला हिंसाका तथ्याङ्कहरू अभिलेखीकरण भएका छन् । अभिलेखन भएका तथ्याङ्कमध्ये सबैभन्दा बढी ५५ प्रतिशत घरेलु हिंसा, १७ प्रतिशत सामाजिक हिंसा तथा ११ प्रतिशत बलात्कारका घटनाहरू सङ्कलन भएका छन् ।

| हिंसाको प्रकार | संख्या | हिंसाको प्रकार | संख्या |
|---|---|---|---|
| घरेलु हिंसा | ११७२ | सामाजिक हिंसा | ३६६ |
| बलात्कार | २३२ | सामुहिक बलात्कार | ३४ |
| बलात्कारको प्रयास | ६१ | यौन दुर्व्यवहार | ७५ |
| हत्या | ६४ | हत्याप्रयास | ५३ |
| बेचविखन | २० | बेचविखनको प्रयास | २४ |
| आत्महत्या | २१ | अन्य | २० |
| | | **जम्मा** | **२१५४** |

## महिला पुनर्स्थापना केन्द्र (ओरेक) को आर्थिक वर्ष २०७४/७५ को आय व्यय विवरण

| विवरण | आम्दानी | खर्च |
|---|---|---|
| शुरूको मौज्दात | ३७,४१४,८९३।६३ | |
| Restricted fund | | |
| छोटो समयको कार्यक्रको लागि बिभिन्न साझेदार संस्थाबाट प्राप्त कोष | १,६६६,००५।०० | ९,७३,७३३।०० |
| निरन्तर कार्यक्रमको लागी बिभिन्न साझेदार संस्थाबाट प्राप्त कोष | १४७,८७८,८२५।५६ | १४७,३८९,४९३।१६ |
| Unrestricted fund | | |
| ओरेकले आर्जन गरेको आय तथा विभिन्न सहयोग | १०,७५७,६४८।६१ | ११,४४९,३०२।३४ |
| जम्मा | १६०,४५३,३८९।०१ | १५९,८१२,५२८।५० |




आ.व २०७४र७५ को कुल खर्च मध्ये कार्यक्रम सहयोग, प्रशासनिक तथा पारीश्रमिक खर्च विवरण

| क्र.सं. | विवरण | रकम (रू) | प्रतिशत |
|---|---|---|---|
| १ | कार्यक्रम सहयोग | ११४,३९५,३०७.१६ | ७१.५८५ |
| २ | प्रशासनिक खर्च | १६,०८६,४७७.३४ | १०.०७५ |
| ३ | पारिश्रमिक खर्च | २९,३३०,७४४.०० | १८.३५५ |

ओरेक नेपाल
पोष्ट बक्स नं. : १३२३३, काठमाडौं, नेपाल
फोन : ०१ ५१८६०७३
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org
www.facebook.com/worecnepal